**BELIEVERS EASTERN CHURCH WORLD HEADQUARTERS**

Office of the Metropolitan, St. Thomas Community, Kuttapuzha P. O., Thiruvalla - 689103 Kerala, India.

# गोठालोको पत्र

अक्टोबर / नोबेम्बर २०२४

सबै आर्चबिसप र बिसपहरु, याजक र डिकनहरु, प्रचारक र अडर अफ सिस्टर्स, र विश्वव्यापी बिलिभर्स इस्टर्न चर्चका सबै विश्वासीहरुमा, पिता, पुत्र र पवित्र आत्माको नाउँमा तपाईंहरुमा आशीर्वाद र अभिवादन! आमेन! ✠

ख्रिस्टमा मेरा प्रिय जनहरु,

जसरी प्रकृतिमा ऋतुहरु छन्, त्यसरी नै चर्चमा पनि छन्। हाम्रो आत्मिक वर्षलाई, उपवास, पर्व र अनुशासनहरु, जस्तै प्रार्थना, उपवास र दानद्वारा पहिचान गरिएको छ, र यी कुरा हामीलाई ख्रिस्टको जस्तो स्वरुपमा सशक्त बनाउन तयार गरिएको हो। उत्पत्ति ८:२२ मा लेखिएको छ, "पृथ्वी रहुन्जेल बिउ छर्ने र फसल काट्ने समय, जाडो र गर्मी, ग्रीष्म र शिशिर, र दिन र रातको अन्त हुने छैन।" यी ऋतुहरु र अभ्यासहरु बोझ होइन तर आशीर्वाद हुन्, जसले हामीलाई हाम्रो विश्वास र गवाहीमा बलियो र गहिरो हुन सहायता पुर्‍याउँछन्।

नोभेम्बरमा नयाँ वर्षको लिटर्जी सुरु हुन्छ, र घोषणा र आगमनको पवित्र ऋतुहरुका सुरुवात हुन्छ। गत वर्षलाई पुनर्विचार गर्न र नयाँ आत्मिक प्रतिबद्धताहरु तयार गर्नको लागि यो उपयुक्त समय हो। सायद तपाईंले धर्मशास्त्र पढ्न बेवास्ता गर्नुभयो, चर्च जान छुटाउनुभयो, वा आत्मिक आलस्यमा फस्नुभयो होला। हामी ईश्वरीय आराधनामा नियमित रुपमा उपस्थित हुने, पवित्र युखारिस्टमा सहभागी हुने र पारिवारिक प्रार्थनालाई गम्भीरताका साथ लिने संकल्प गरौं। चर्चका सेवकाइहरुमा थप सक्रिय रुपमा संलग्न हुनुहोस्, र परमेश्वरले तपाईंलाई दिनुभएका वरदानहरुलाई उहाँको चर्च निर्माण गर्दै, अरुलाई परमेश्वरको प्रेम बाँड्न प्रतिबद्ध हुनुहोस्।

आआफ्ना छोराछोरीलाई चर्च क्यालेन्डर पालना गर्न सिकाउन म आमाबुबालाई आग्रह गर्दछु। तिनीहरुका आत्मिक संरचना घरबाट सुरु हुन्छ। यो तिनीहरुका जग हो, र तिनीहरुले बाल्यकालदेखि नै प्रार्थना गर्न, उपवास बस्न, दान दिन र विश्वासद्वारा जिउन सिक्नु महत्त्वपूर्ण कुरा हो। तपाईंलाई म सन्त पावलको यो वचन दोहोर्‍याउँछु, "जवान छौ भन्दैमा कसैले तिमीलाई तुच्छ नठानोस्, तर विश्वासीहरुका अगि बोलीवचन, आचरण र प्रेममा, विश्वासमा र शुद्धतामा तिमी एक उदाहरण बन।" (१ तिमोथी ४:१२)।

हामीले पवित्र चर्च र येसु ख्रिस्टमा, यो नयाँ वर्षमा प्रवेश गर्न लाग्दा, हामी यसलाई 'पहिचानको समय' को रुपमा होइन, तर आफूलाई पुन:समर्पण गर्ने अवसरको रुपमा विचार गरौं। हाम्रा संकल्पहरु, सांसारिक संकल्पहरुभन्दा फरक, र परमेश्वरको अनुग्रह र शक्तिमा जरा गाडिएका छन्, मानवीय इच्छाशक्तिमा मात्र होइन। ख्रिस्टमा एउटै देहको रुपमा बढ्दै, आनन्दका साथ चाडहरु मनाउँदै, र नम्रता र पश्चात्तापमा उपवासको पालना गर्दै, र हामी यी ऋतुहरुमा सँगसँगै यात्रा गरौं।

म सन्त पावलसँग प्रार्थनामा सहभागी हुन्छु, जसले लेखे, "सबै सन्तहरुसँग चौडाइ, लमाइ, उचाइ र गहिराइ के रहेछ सो बुझ्ने शक्ति प्राप्त गर्न सक, र ज्ञानलाई माथ गर्ने ख्रीष्टको प्रेमलाई थाहा पाउन सक, ताकि परमेश्वरको सारा पूर्णताले तिमीहरु भरिपूर्ण होओ" (एफिसी ३:१८-१९)। सबै सन्त र पवित्र थिओटोकोसका मध्यस्थतामार्फत हामी र हाम्रो जीवनमा काम गर्ने पवित्र त्रिएक परमेश्वरको अपार शक्तिले चर्चमा र संसारमा महिमा र आदर ल्याउन्, अहिले र सदासर्वदा, आमेन ✠ ।

ख्रिस्टमा तपाईंको पिता,

मोरान मोर समुएल थिओफिलस मेट्रोपोलिटन

मिति : २५ अक्टोबर २०२४

स्थान : विश्व चर्च मुख्यालय

---

**निर्देशन:** कृपया यो सुनिश्चित गरियोस्, कि यो पत्र सबै क्षेत्रीय भाषामा अनुवादित होस्, र सबै विश्वासीका प्रोत्साहनका लागि सबै स्थानीय चर्चमा वाचन होस्।